# आफ्नो कुरा ..................

पछौटेपन उन्मूलन समाज (बेस)–नेपाल यस वर्षको असौज १६ गतेदेखि २३ औं वर्षमा प्रवेश गर्दैछ । आफ्नो यो तन्देरी उमेरमा बेस नेपालले थुप्रो उतारचढावहरु भोगेको छ । क्रमश : प्रगतिको उकालो चढ्दै गर्दा संस्थागत दृष्टिकोणले कमजोर नभएपनि आर्थिक स्रोतका हिसावले आर्थिक वर्ष २०७१/०७२ ओरालो झरेको छ । सन् २०१४ देखि सेभ द चिल्ड्रेनसंगको साझेदारीमा संचालित धेरै कार्यक्रमहरु समाप्त भएका छन् । एउटा मात्र साझेदारसंग निर्भर हुनुभन्दा धेरै साझेदारसंगको साझेदारी संस्थागत विकासका लागि हितकर हुन्छ भन्ने कुरा समेत यसले सिकाएको छ ।

तथापि पाल्पा जिल्लामा सुआहारा कार्यक्रमको स्थानीय साझेदारकोरुपमा बेस नेपाल छनौट भएर कार्यक्रम समेत अगाडि बढेको छ । पाल्पा जिल्लामा बेस नेपालको कमजोर उपस्थितिलाई सुआहारा कार्यक्रमले सघन बनाउन सहयोग गरेको छ । कार्यक्रम संचालनसगै जिल्लाका सरोकारवालाहरुसंगको सहकार्य तथा समन्वय बढेर गएकोले यो अवसर संस्थागत विकासको लागि महत्त्वपूर्ण भएको छ ।

एउटा सामाजिक संस्थाको लागि धेरै कार्यक्रम हुनु, ठूलो बजेट हुनु, थुप्रो कर्मचारी हुनु मात्रै महत्त्वपूर्ण हो भन्ने सोंच गलत हो । संस्थाले संचालन गरेका कार्यक्रमहरु समुदायको हितमा छ छैन ? स्रोत लक्षित वर्ग सम्म पुगेको छ छैन ? कर्मचारीहरु सामाजिक परिचालनका ज्ञान र सीपहरुबाट शिक्षित छन् छैनन् ? भन्ने कुरा बढी महत्त्वपूर्ण हुन्छ । संस्थाको आफ्नो आन्तरिक स्रोतको खोजी गर्दै परनिर्भरताको अन्त्य गर्ने प्रयत्न, आफ्ना मूल्य मान्यता तथा नीतिगत क्षेत्रप्रतिको पूर्ण प्रतिवद्धता, नियमहरुको परिपालना, संस्थागत संस्कृति, समुदाय तथा लक्षित वर्गको हकहितको लागि स्रोतको परिचालन, समुदाय तथा साझेदारप्रतिको उत्तरदायित्व, धेरैभन्दा धेरै संघ संस्थाहरुसंगको सहकार्य एवं संस्थाको आन्तरिक सुव्यवस्थापनका विषयहरु संस्थाको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ । नागरिक समाजको रुपमा अभियानमूलक कामहरुलाई स्वयंसेवीरुपमा अगाडि बढाउन सक्ने सामाजिक विकास संस्थाहरु विकासे संस्थाहरु भन्दा धेरै माथि हुन्छन् ।

बेस नेपालले आफ्नो २५ औं वर्षको यात्राको पूर्वाद्धमा आफ्नो आगामी यात्राको मार्गचित्र (रणनीतिक योजना) स्पष्टरुपमा तयार गर्न र संस्थागत विकासको अर्को महा अभियानको थालनी गर्न जरुरी रहेको छ । यस क्रममा यस वर्ष बेस नेपाललाई सहयोग गर्ने साझेदार संस्थाहरु, सरकारी/गैरसरकारी संस्थाहरु, संस्थाका सबै सदस्य एवं कर्मचारी साथीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद !





शालिकराम पाण्डे
कार्यकारी निर्देशक

पूर्णबहादुर खांण
अध्यक्ष

# बेस नेपालको संक्षिप्त जानकारी :

| | |
|---|---|
| स्थापना मिति | वि.सं.२०४९ असौज १६ गते (दशैंको सप्तमी) |
| दर्ता नं. | ४३ |
| दर्ता भएको कार्यालय | जिल्ला प्रशासन कार्यालय, पाल्पा |
| दर्ता भएको मिति | वि.सं.२०५०।०१।२८ गते |
| आवद्धता | समाज कल्याण परिषद् |
| आवद्धता नं. | ११५७ |
| आवद्ध भएको मिति | वि.सं.२०५०।०२।०६ |
| गैसस महासंघ सदस्यता | WR-PAP-1(२०५१।१०।१५) |
| सञ्जाल सदस्यता | १) बालसहभागिताको क्षेत्रमा काम गर्ने संस्थाहरुको साझा समूह<br>२) चेलीबेटी बेचबिखनबिरुद्धको राष्ट्रिय समूह<br>३) बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुको महासंघ<br>४) राष्ट्रिय सिविआर नेटवर्क<br>५) एच.आई.भि एड्स एलायन्स<br>६) बालअधिकारको लागि काम गर्ने दक्षिण एसियाली संस्थाहरुको एलायन्स<br>७) सुरक्षित मातृत्व सञ्जाल महासंघ |
| काम गरेको जिल्ला | पाल्पा तथा नवलपरासी |
| स्थानीय प्रतिनिधित्व | १) प्रारम्भिक बालविकास जिल्ला समिति, पाल्पा<br>२) जिल्ला बालकल्याण समिति, पाल्पा<br>३) इसिडि जिल्ला सञ्जाल, नवलपरासी<br>४) विद्यालय शान्तिक्षेत्र जिल्ला समिति, नवलपरासी<br>५) जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति, नवलपरासी/पाल्पा<br>६) जिल्ला स्तरीय खानेपानी/स्वच्छता सरसफाई समन्वय समिति, पाल्पा |
| पुरस्कार/सम्मान् | १) बालमैत्री विद्यालय प्रवर्द्धनको लागि शिक्षा मन्त्रालयबाट प्रशंसा पत्र<br>२) शिक्षा क्षेत्रमा गरेको उल्लेखनीय कामको लागि नेपाल शिक्षक युनियन, जिल्ला शाखा पाल्पाबाट सम्मान पत्र<br>३) शिक्षा क्षेत्रमा गरेको उल्लेखनीय कामको लागि जिल्ला शिक्षा कार्यालय, नवलपरासी तथा पाल्पाबाट प्रशंसा पत्र<br>४) जिल्लास्थित सरकारी कार्यालय, गाविस, भिवाससिसि, विद्यालय, संघ संस्था समूहहरुबाट ६०० भन्दा बढी धन्यवाद तथा प्रशंसापत्रहरु प्राप्त । |
| स्थायी करलेखा नम्बर | ३०१३४८६८९ |
| करलेखा नम्वर लिएको मिति | वि.सं.२०६०।०२।१५ |
| करलेखा लिएको कार्यालय | आन्तरिक राजश्व कार्यालय, भैरहवा |
| कर छुट प्रमाणपत्र नम्बर | ४२२ |
| कर छुट प्रमाण पत्र मिति | वि.सं.२०६०।०४।३२ |
| पछिल्लो नवीकरण मिति | वि.सं.२०७१।०६।१२ |
| पछिल्लो लेखापरीक्षण मिति | वि.सं.२०७१।०५।२४ |
| पछिल्लो साधारणसभा मिति | वि.सं.२०७१।०६।३० |

# बेस नेपाल कार्यरत जिल्लाहरू

## पाल्पा जिल्लाको नक्सा




## नवलपरासी जिल्लाको नक्सा



# कार्यक्रमगत प्रगति विवरण

| | |
|---|---|
| **कार्यक्रमको नाम** | **एस.सि.च्यारिटी टुर्स (विद्यालय सहयोग कार्यक्रम)** (अष्ट्रेलियन पर्यटकहरुबाट संकलित कोष) |
| साझेदार संस्था | सेभ द चिल्ड्रेन |
| सहकार्य | श्री उदय नि.मा.वि. जौबारी ३ नवलपरासी |
| परियोजना अवधि | नोभेम्बर २०१४ देखि अक्टुबर २०१७ सम्म |
| मुख्य उद्देश्य | • विद्यालयको भौतिक पूर्वाधारमा सुधार ल्याई पढाईमा सहजता ल्याउने । <br> • विद्यालय तथा कक्षामा शिक्षण सिकाई वातावरण तयार गर्ने । |
| कार्यक्षेत्र | श्री उदय नि.मा.वि. जौबारी ३ नवलपरासी |
| यस वर्ष संचालित मुख्य क्रियाकलापहरु | • भवन निर्माण समिति गठन तथा क्षमता विकास <br> • विद्यालय भवन मर्मत <br> • बालक्लव पुनर्गठन तथा क्षमता विकास <br> • शिक्षकहरुको लागी सक्रिय शिक्षण सिकाई तथा विद्यार्थी निरन्तर मुल्यांकन प्रणालि विषयक तालिम <br> • टोल शिक्षा समिति गठन तथा क्षमता विकास तालिम <br> • विद्यार्थीहरुलाई अतिरिक्त कक्षा संचालन सहयोग <br> • वि.व्य.स. तथा शि.अ.स.क्षमता विकास <br> • अभिभावक शिक्षा संचालन <br> • छात्रवृत्ति वितरण |
| पैरवीका विषयहरु | • बालमैत्री शिक्षण सिकाई तथा विद्यालयमा बालबालिकाहरुको अर्थपूर्ण बालसहभागीता । |
| यस अवधिको मुख्य उपलब्धी | • ६ कोठे भवन मर्मत कार्य सम्पन्न भएको । <br> • विद्यालयमा बालक्लव, शिक्षक अभिभावक संघ, बाल संरक्षण समितिहरु गठन भई संयुक्तरुपमा विद्यालयको वार्षिक कार्ययोजना तयार गरेको । |
| लाभान्वित किसिम र संख्या | • बालबालिका : ९९ जना बालिका तथा ८५ जना बालक गरी १८४ जना |
| यस वर्षका राम्रा अभ्यासहरु | • टोल शिक्षा समिति गठन तथा परिचालन <br> • बालक्लवले बालबालिकाकै सवालमा काम गरेको (बालविबाह न्यूनिकरण कार्यक्रम) |
| कर्मचारी क्षमता विकास | • २ जना । (३ दिनको भवन निर्माण सम्बन्धि प्राविधिक तालिम प्राप्त) |
| कार्यक्रम अनुगमन | • कार्यकारी निर्देशकबाट ३ पटक, कार्यक्रम अधिकृतबाट. १० पटक तथा साझेदार संस्थाबाट ४ पटक |
| संलग्न कर्मचारीहरु (यस वर्ष संलग्न) | • कार्यक्रम अधिकृत १ जना,सब इन्जिनियर १ जना, लेखापाल १ जना |

| कार्यक्रमको नाम | साक्षर अभियान नेपाल |
| --- | --- |
| साझेदार संस्था | जिल्ला शिक्षा कार्यालय नवलपरासी |
| सहकार्य | श्री धर्मात्मा मा.वि. मिथुकरम नवलपरासी |
| परियोजना अवधि | वि.सं.२०७२ माघ देखि चैत्रसम्म । |
| मुख्य उद्देश्य | १५ देखि ६० वर्षका अभिभावकहरुलाई साक्षर बनाउने । |
| कार्यक्षेत्र | मिथुकरम गाविस |
| यस वर्ष संचालित मुख्य क्रियाकलापहरु | • सहजकर्ताहरुको छनौट<br>• सहजकर्ता तालिम<br>• कक्षा संचालन<br>• साक्षरता कक्षा अनुगमन<br>• सहजकर्ताहरुको समिक्षा बैठक<br>• साक्षरता कक्षामा सहभागीहरुको सिकाई मापन परीक्षा<br>• साक्षर गाविस घोषणाको लागी समितिको बैठक<br>• पूर्ण साक्षर घोषणा कार्यक्रम |
| यस अवधिको मुख्य उपलब्धी | • २१ कक्षा संचालन भई ३५५ जना १५ देखी ६० वर्षका साक्षर भएको ।<br>• पूर्ण साक्षर गाविस घोषणा भएको |
| लाभान्वित किसिम र संख्या | • १५ देखी ६० वर्षका ३१८ महिला तथा ३७ पुरुष साक्षर भएको । |
| यस वर्षका राम्रा अभ्यासहरु | • साक्षर कक्षासगै विद्यार्थीहरु परिचालन गरिएको ।<br>• कक्षा सकिना साथ घोषणाको लागी सर्बे हुनु ।<br>• लगतै घोषणा हुनु । |
| कर्मचारी क्षमता विकास | • २१ जना सहजकर्ताहरुलाई कक्षा संचालनको लागि ५ दिने तालिम |
| कार्यक्रम अनुगमन | • कार्यकारी निर्देशकबाट १ पटक,कार्यक्रम अधिकृतबाट ३ पटक |
| संलग्न कर्मचारीहरु(यस वर्ष संलग्न) | • कार्यक्रम अधिकृत १ जना,अनुगमन कर्ता १ जना सहजकर्ता २१ जना |

| | |
|---|---|
| कार्यक्रमको नाम | **सुआहारा (Good Nutrition) Nawalparasi)** |
| साझेदार संस्था | नेपाल स्वास्थ्यका लागि पानी (NEWAH) |
| परियोजना अवधि | जुलाई २०१२ देखि फेब्रुवरी २०१६ सम्म |
| सहकार्य | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला विकास समिति, खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, महिला तथा बालबालिका कार्यालय र जिल्ला शिक्षा कार्यालय |
| मुख्य उद्देश्य | १००० दिनका आमा (गर्भवती तथा २ वर्षसम्मको बच्चाको आमा) तथा उनीहरुका २ वर्ष मुनिका बालबालिकाको पोषणको स्थितिमा सुधार गर्ने । |
| कार्यक्षेत्र | नवलपरासी जिल्लाका सबै गाविस तथा नगरपालिकाहरु । |
| यस वर्ष संचालित मुख्य क्रियाकलापहरु | • स्वास्थ्य आमा समूहको वैठकमा पोषिलो खानाको प्रदर्शनी ।<br>• खुल्ला दिशामुक्त घोषणा अभियानमा सहयोग ।<br>• लक्षित घरधुरीहरुका लागि सुख्खा तथा वर्षा यामको लागि तरकारीको विउ वितरण ।<br>• लक्षित घरधुरीहरुका लागि कुखुराको चल्ला वितरण तथा अर्धबन्देज खोर निर्माणका लागि सहयोग ।<br>• विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु (विश्व स्तनपान सप्ताह, आयोडिन महिना, विद्यालय पोषण सप्ताह, सरसफाई सप्ताह, विश्व पानी दिवस, अण्डा दिवस) आदि ।<br>• नमूना ग्रामीण कृषक तालीम कार्यक्रम ।<br>• महिला स्वास्थ्य स्वास्थ्य स्वयंसेविका वैठक सहयोग ।<br>• स्वास्थ्य संस्था व्यवस्थापन समिति क्षमता विकास ।<br>• नागरिक सचेतना केन्द्रमा REFLECT कक्षा संचालन सहयोग ।<br>• जीवनको महत्त्वपूर्ण दिन मनाउने कार्यक्रम ।<br>• गाविसस्तरीय पोषण तथा खाद्य सुरक्षा समिति वैठक सहयोग ।<br>• खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिको वैठकमा सहयोग ।<br>• हजार दिनका आमाहरुसंगको घरभेट कार्यक्रम । |
| पैरवीका विषयहरु | • स्थानीय पोषिलो खानाको प्रबर्द्धन ।। हरेक बार खाना चार ।<br>• खुल्ला दिसामुक्त गाउँ अभियान । |

| यस अवधिको मुख्य उपलब्धी | • २०७६ वटा खाना प्रदर्शनीहरु सम्पन्न भई ४७९०६ जना (४५१९५ महिला तथा २७११ पुरुष) हरुले पोषिलो खानेकुरा बनाउन सिकेको ।<br><br>• फिल्डसुपरभाइजरहरु मार्फत ४११७ जना हजार दिनका आमाहरुले घरदैलोमा स्वास्थ्य तथा पोषणका विषयमा परामर्श सेवा पाएका ।<br><br>• २७९३ जना हजारका दिनका आमाहरुले जाडो सिजनका, ७४० जना आमाहरुले वर्षे सिजनका, २१२४ जना आमाहरुले सुख्खा सिजनका विभिन्न भेरायटिका पोषिला खालका तरकारीका बीउहरु पाएर लगाएको ।<br><br>• ८७ जना हजार दिनका आमाहरुले नमूना अगुवा कृषकको पांच दिने तालीम पाउनुका साथै ३६ जनाले कृषकलाई आवश्यक पर्ने सामग्रीहरु समेत प्राप्त गरेको ।<br><br>• जिल्लाका सबै गाविस तथा न.पा.हरुको ७७ ठाउंमा स्तनपान सप्ताह आयोजना गरी ३०५४ (महिला : २६०३ तथा पुरुष : ४५१) जनालाई सो सम्बन्धमा सचेत बनाइयो ।<br><br>• स्थानीयस्तरमा गठित बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा समितिका १८१ वटा बैठकहरु जिल्लाभर सम्पन्न भई स्थानीयस्तरमा पोषणका सवालमा छलफलहरु संचालन भए ।<br><br>• जिल्लाका ९८ वटा ठाउंहरुमा खानेपानीको शुद्धता जांच गर्ने कार्य सम्पन्न भयो । जसमा ३२८१ (महिला : १८४५ तथा पुरुष : १४३६) जना पिउने पानीको विषयमा सचेत भए ।<br><br>• १० वटा गाउंस्तरीय खानेपानी तथा सरसफाई समितिहरुको क्षमता विकासका तालीमहरुमा २६८(महिला : ८७ तथा पूरुष : १८९) जना सहभागी भए । यस वर्ष ६ वटा गाविसहरु खुल्ला दिसामुक्त घोषणा भए । जसबाट नवलपरासी जिल्ला समेत खुल्ला दिसामुक्त घोषणा हुन सफल भयो ।<br><br>• जिल्लाका ३३ वटा स्वास्थ्य संस्थाका व्यवस्थापन समितिका पदाधिकारीहरुले तालीम प्राप्त गरी स्वास्थ्य संस्थाको सेवालाई गुणस्तर बनाउन योजना निर्माण गरे । जसमा ४६१(महिला : १९४ तथा पुरुष : २६७) जना सहभागी हुनुभयो ।<br><br>• १११ स्थानमा कुखुरालाई एन.डि.भ्याक्सिन लगाउने कार्य सम्पन्न भयो । जसबाट २०३६ घर लाभान्वित भए ।<br><br>• १७२ वडाहरुमा वडा नागरिक मञ्चका सदस्यहरु त्था हजार दिनका आमाहरु समेत गरी ५९८१ (महिला : ३५६४ तथा पुरुष : २४१७) जनाले एकीकृत पोषणका विभिन्न सवालहरुमा भएको छलफलमा भाग लिई पोषणका विषयमा जानकारी प्राप्त गरे ।<br><br>• स्थानीय स्वास्थ्य आमा समूहको छनौटमा सुआहारा कार्यक्रमका मुख्य चार वटा सन्देशहरुलाई आफ्नो व्यवहारमा अपनाएका ६६ जना आदर्श परिवार पुरस्कृत भए । पुरस्कृत गर्ने सन्दर्भमा हजार दिनका आमा तथा तिनका बालबालिकाको स्वास्थ्य, स्याहार तथा खाना सम्बन्धी सन्देशहरु लिएर १३२६(पुरुष : १०१) जना सम्बन्धित परिवारमा पुगे ।<br><br>• १९९६ जना हजार दिनका आमाहरुको प्रमुख अवसरहरु (जस्तै : गर्भधारण, प्रसुति आदि) मनाइयो जसमा ३६२३१ जना आमाहरुको सहभागीता रहयो । जसमा १५२० जना पुरुषहरुको समेत सहभागिता रहयो । (यस्ता अवसरहरुमा अवस्था अनुसार हजार दिनका आमा तथा तिनका परिवारलाई उनको स्याहार, खाना तथा स्वास्थ्यको विषयमा छलफल गरिन्छ ।)<br><br>• जिल्लाका १८ गाविसका वडा नागरिक मञ्चहरुमा सुनौला हजार दिनको महत्व, स्थानीय स्रोत परिचालन, योजना निर्माणका सवालहरुमा ३२५ वटा त्रैमासिक बैठकहरु भए । जसमा ८३३३ महिला : ३२५७ तथा पुरुष : ५०७६) जना सहभागी भए ।<br><br>• स्थानीय नागरिक सचेतना केन्द्रहरुमा भन्छिन् आमा रेडियो कार्यक्रमले उठाएका सवाल तथा छलफलहरुमा केन्द्रित रही ४७२ वटा सेसनहरु संचालन भए । जो हजार दिनका आमा तथा तिनका बालबालिकाको पोषण तथा स्वास्थ्यसंग सम्बन्धित थिए । यी सेसनमा १०९९९ ( महिला : ९७८३ तथा पुरुष : १२१६) जना छलफलमा प्रत्यक्ष सहभागी भए ।<br><br>• २० ठाउँमा आयोजित स्वादिलो खाना बनाउने प्रतिस्प्रधामा २१६९ ( महिला : १७६७ तथा पुरुष : ४०२) जना सहभागी भई स्थानीय खानेकुराबाट पोषिलो खाना बनाउने तरिका सिके । |
|---|---|

| | |
|---|---|
| राम्रा अभ्यास | • स्थानीयस्तरमा अनुगमन गर्ने पद्धतिको थालनी, कृषक समूहलाई कृषि कार्यालयमा दर्ता थालनी |
| लाभान्वित वर्ग र संख्या | • ४५१९५ जना आमाहरु |
| कर्मचारी क्षमता विकास | • विभिन्न समयमा कार्यक्रमको मागका आधारमा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र सर्वेक्षण सम्बन्धि तालिम, अभिमुखिकरण । |
| कार्यक्रम अनुगमन | • बेस नेपालका बोर्ड पदाधिकारीहरु, जिल्ला सुआहारा, युएसएड, सुआहारा क्षेत्रीय तथा केन्द्रीय कार्यालयका साथै जिल्लास्तरीय तथा स्थानीय सम्बन्धित सरकारी निकाय, नागरिक समाज, पत्रकारहरुबाट कार्यक्रमको प्रभावकारीताको नियमित अनुगमन भईरहेको । |
| संलग्न कर्मचारीहरु | • फिल्ड संयोजक : नित्यानन्द पाण्डे, लेखा तथा प्रशासकिय अधिकृत : दीपा पोखरेल), तथ्यांक व्यवस्थापन तथा डकुमेन्टेसन अधिकृत : आशुतोष पाठक, कृषि प्राविधिक सहायक रमेश खनाल फिल्ड सुपरभाईजरहरु तेजप्रसाद पाण्डे, विष्णुबहादुर लम्काहा, प्रतिभा सुवेदी, शकुन्तला नेपाली, मनिस अधिकारी, भागिरथी भेडिहार, राधा चापागाई, कृष्ण बंशी, राजकुमार गुप्ता, राजु पराजुली, अजय पटेल, तिर्थ ढुंगाना, गीता चौधरी, दुर्गा घिमिरे, कुश्माखर पाण्डे, मीरा चौधरी, संगीता अधिकारी,<br><br>• हाल जम्मा २१ जना पूर्णकालीन र ३ जना आंशिक कर्मचारीहरु कार्यरत । |
| **सुआहारा (पाल्पा)** | |
| साझेदार संस्था | नेपाल स्वास्थ्यका लागि पानी (NEWAH) |
| सहकार्य | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला विकास समिति, खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, महिला तथा बालबालिका कार्यालय र जिल्ला शिक्षा कार्यालय |
| परियोजना अवधि | अप्रिल २०१५ देखि फेब्रुवरी २०१६ सम्म । |
| मुख्य उद्देश्य | १००० दिनका आमा (गर्भवती तथा २ वर्षसम्मको बच्चाको आमा) तथा उनीहरुका २ वर्ष मुनिका बालबालिकाको पोषणको स्थितिमा सुधार गर्ने । |
| कार्यक्षेत्र | पाल्पा जिल्लाका सबै गाविस तथा नगरपालिकाहरु । |
| यस वर्ष संचालित मुख्य क्रियाकलापहरु | • जिल्ला सरोकारवालाहरुसंग सुआहारा परिचयात्मक कार्यक्रम<br>• जिल्ला सरोकारवालाहरुसंग योजना तर्जुमा बैठक ।<br>• कर्मचारी छनौट तथा अभिमुखीकरण ।<br>• एकीकृत पोषण सम्बन्धी प्रशिक्षक प्रशिक्षण संचालन सहजीकरण ।<br>• गाविस सचिवहरुलाई एक दिने सुआहारा परिचयात्मक कार्यक्रम ।<br>• गाविसमा सुआहारा अभिमुखीकरण कार्यक्रम ।<br>• हजार दिनका आमाहरुसंग घरभेट ।<br>• हजार दिनका आमाहरुको तथ्यांक संकलन ।<br>• घरायसी खाद्यान्न उत्पादन सम्बन्धी प्रशिक्षक प्रशिक्षण संचालन ।<br>• स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम संचालन गर्ने स्थानीय साझेदारहरुसंग परिचयात्मक कार्यक्रम । |

| | |
|---|---|
| यस अवधिका मुख्य उपलब्धीहरु | • जिल्ला खानेपानी, सरसफाई एवं स्वच्छता समितिको सिफारिसमा सरसफाई कार्यक्रमको लागि ३ वटा (सिलुवा, कोलडांडा तथा भुवनपोखरी) गाविस छनौट ।<br>• जिल्ला पोषण तथा खाद्य सुरक्षा समन्वय समितिबाट घरायसी खाद्यान्न उत्पादन तथा सामाजिक परिचालन कार्यक्रम संचालनको लागि १६ गाविस छनौट ।<br>• कर्मचारीहरुको छनौट, अभिमुखीकरण तथा क्षमता विकासका कामहरु सम्पन्न ।<br>• बाल्यकालीन पोषण प्रशिक्षक प्रशिक्षण जिल्लाका ५ ठाउंमा २३ व्याचमा सम्पन्न । ४३७ (महिला : २०३ तथा पुरुष : २३४) जना प्रशिक्षण तयार ।<br>• हजार दिनका आमाहरुको जिल्लाभरको तथ्यांक संकलन ।<br>• जिल्लाका ६० गाविसमा सुआहारा परिचयात्मक कार्यक्रम सम्पन्न । सबै गाविसमा स्थानीय पोषण तथा खाद्य सुरक्षा समन्वय समिति गठन ।<br>• ३ वटा गाविसमा शौचालय सम्बन्धी तथ्यांक संकलन ।<br>• २५६ जना हजार दिनका आमाहरुसंग घरभेट सम्पन्न ।<br>• कार्यक्रम संचालन गर्न पृष्ठभूमि पूर्णरुपमा तयार । |
| राम्रा अभ्यास | • एल्.जि.सि.डि.पि.का स्थानीय सेवाप्रदायक संस्थाहरुसंग परिचयात्मक कार्यक्रम<br>• गाविसस्तरको परिचयात्मक कार्यक्रमहरु ।<br>• स्थानीयस्तरमा पोषण तथा खाद्य सुरक्षा समन्वय समितिको गठन । |
| कर्मचारी क्षमता विकास | • यस अवधिमा सम्बद्ध सबै कर्मचारीहरु निम्न तालीमहरुमा सहभागी भएका छन् :<br>• ६ दिने बाल्यकालीन पोषण प्रशिक्षक प्रशिक्षण ।<br>• ६ दिने एकीकृत पोषण कार्यक्रम अभिमुखीकरण ।<br>• ५ दिने स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन तालीम ।<br>• ६ दिने घरायसी खाद्यान्न उत्पादन सम्बन्धी प्रशिक्षक प्रशिक्षण । |
| संलग्न कर्मचारीहरु | • प्रदिप पराजुली (फिल्ड संयोजक), शिब खराल(वित्त तथा प्रशासकिय अधिकृत),<br>• फिल्ड सुपरभाइजरहरु : हेमबहादुर खड्का, सञ्जु परियार, सुमित्रा दर्जी, यमकुमारी दर्लामी, सम्झना बस्नेत, पविसरा थापा, भागिसरा सुनारी, मञ्जु न्यौपाने, बिना कार्की, पशुपति पन्थी, सुनिता रेग्मी, सुनिता भट्टराई, सीता देवी पाण्डे, सुमित्रा सुनार, पवन पोखरेल, गीता न्यौपाने, मीनाकुमारी बगाले, कृष्णकुमारी थापा, इन्दु खनाल र मनिषा भट्टराई । |

| **कार्यक्रमको नाम** | **साक्षरता कार्यक्रम** |
|---|---|
| साझेदार संस्था | रुम टु रिड नेपाल |
| सहकार्य | जिल्ला शिक्षा कार्यालय |
| परियोजना अवधि | १ जनवरी २०१४ देखि हाल ३१ डिसेम्बर २०१५ सम्म |
| मुख्य उद्देश्य | प्राथमिक तहका वालवालिकाहरुमा पठन सीपको विकास गरी स्वतन्त्र तथा आत्मनिर्भर पाठक बनाउने । |
| कार्यक्षेत्र | पाल्पा जिल्लाका ५० वटा सामुदायिक विद्यालयहरु । |

| | |
|---|---|
| यस वर्ष संचालित मुख्य क्रियाकलापहरु | ➢ जिल्ला शिक्षा कार्यालयसंगको समन्वय बैठक ।<br>➢ विद्यालयतहमा सामुदायिक बैठकहरु ।<br>➢ साक्षरता समिति तथा सामुदायिक स्वयंसेवकहरुलाई अभिमुखिकरण ।<br>➢ विद्यालयहरुलाई फर्निचर सहयोग ।<br>➢ कक्षा १ र २ का ७५ जना नेपाली भाषा विषय शिक्षकलाई शैक्षणिक तालिम ।<br>➢ कक्षा १ को नेपाली शिक्षकहरुसंगको बैठकः ।<br>➢ शिक्षा दिवस आयोजना ।<br>➢ पठन क्रियाकलाप संचालन ।<br>➢ अभिभावक वैठकहरु ।<br>➢ शिक्षकलाई पुस्तकालय व्यवस्थापन तालिम ।<br>➢ शिक्षकलाई पठन क्रियाकलाप तालिम ।<br>➢ उत्कृष्ट पुस्तकालय पुरस्कार वितरण ।<br>➢ कक्षा १ का विद्यार्थीहरुको पठन क्षमता मुल्याङ्कन् ।<br>➢ शिक्षकलाई नुमना विद्यालय अवलोकन भ्रमण । |
| पैरवीका विषयहरु | ● एक विद्यालय एक पुस्तकालय ।<br>● पुस्तकालयघरमा पढ्ने वातावरणको र्सजना । |
| यस अवधिको मुख्य उपलब्धी | ● नेटवर्किङ्ग बैठकले सकारात्मक प्रतिस्पर्धा भएको ।<br>● कक्षा १ नमुना कक्षाको रुपमा विकास भएको ।<br>● अभिभावकले वालवच्चा छोड्न र लिन आउने गरेको ।<br>● अभिभावकले कक्षामै बसेर अवलोकन गर्ने गरेको ।<br>● पुरस्कारले विद्यार्थीहरुमा पढ्ने प्रोत्साहन बढेको ।<br>● सहजकर्ता तथा संस्थागत भ्रमणबाट शिक्षकहरुलाई उत्प्रेरणा बढेको ।<br>● हिउँदे विदामा पनि कक्षा १ सञ्चालन (कमला निमावि)<br>● कक्षा १ मा सामग्रीहरु अभिभावकहरुबाट प्रदान । (मदन आश्रित निमावि)<br>● बालबालिकाको शैक्षिक प्रगतिको बारेमा अभिभावकलाई चिठ्ठी पठाउने चलन चलेको । (जनता मावि गल्धा)<br>● शव्द भण्डार वृद्धिको लागि हाजीरीमा तरकारीको नाम, फलफूलको नाम भन्ने गरेको ।<br>● चित्रमा अक्षरहरु राखेर खोज्न पठाउने । (सिता मावि)<br>● पुस्तकालयको कोष बढाउन देउसीभैला तथा अन्न प्रदान ।<br>● जिशिकाको बैठकहरुमा सहभागीता ।<br>● कक्षा १ नमुना कक्षाको रुपमा विकसित हुँदै गएको ।<br>● विद्यार्थीहरुको विद्यालयमा नियमितता बढेको ।<br>● अभिभावकले वालवच्चा छोड्न र लिन आउने गरेको ।<br>● पुरस्कारले विद्यार्थीहरुमा पढ्ने प्रोत्साहन बढेको ।<br>● सहजकर्ता तथा संस्थागत भ्रमणबाट शिक्षकहरुलाई उत्प्रेरणा बढेको । |

| | |
|---|---|
| लाभान्वित किसिम र संख्या | • ५४३२ जना बालबालिका |
| यस वर्षका राम्रा अभ्यासहरु | • प्वाइन्ट शिक्षकहरुको प्रफाइल तयार गरेको ।<br>• हिउँदे विदामा पनि कक्षा १ सञ्चालन (कमला निमावि, जल्पा)<br>• विद्यालय विदाको समयमा समुदायका अभिभावकसंग भेटघाट ।<br>• टोल शिक्षा समिति गठन तथा परिचालन ।<br>• विद्यार्थीहरुको मासिक हाजिरी कक्षामा टाँस गरिएको ।<br>• पठनस्तर निर्धारण गरी कक्षा तथा पुस्तकालयमा टाँस गरिएको ।<br>• अभिभावकलाई नियमित चिठ्ठी । (जनता मावि गल्धा) |
| कर्मचारी क्षमता विकास यस वर्ष के भयो ?) | • साक्षरता सहजकर्ता तथा पुस्तकालय व्यवस्थापन सहजकर्ताहरुलाई कार्यकारी निर्देशक, कार्यक्रम संयोजक तथा रुम टु रिड नेपालका पदाधिकारीहरुबाट क्षमता अभिर्भद्धिको लागि सहयोग । साक्षरता सहजकर्ताहरुद्वारा शैक्षणिक तालिम, पुस्तकालय व्यवस्थापन तालिम, पठन क्रियाकलाप तालिम दिन सक्षम भएको । |
| कार्यक्रम अनुगमन (को बाट कति पटक ?) | • कार्यकारी निर्देशक शालिकराम पाण्डे बाट ३ पटक, कार्यसमिति सदस्य मीनप्रसाद ढकालबाट ३ पटक, पवित्रा ढकाल तथा अन्य पदाधिकारीहरुबाट नियमित अनुगमन भईरहेको । |
| संलग्न कर्मचारीहरु (यस वर्ष संलग्न) | • कार्यक्रम संयोजक–टेक बहादुर ढेंगा, साक्षरता सहजकर्ता–देव बहादुर दर्लामी, थानीश्वरा कंडेल, भुपाल आले, दयाराज भण्डारी, विनय भ्केंडी, प्रकाश पाण्डे, गेहेन्द्रप्रसाद पौडेल, बसन्ता आचार्य, पुस्तकालय व्यवस्थापन सहजकर्ता देबबहादुर ढेंगा, आशिषा न्यौपाने, मीना पाखरेल, लेखा सहायक विष्णु कार्की । |

| **कार्यक्रमको नाम** | **स्वास्थ्य संस्थाहरुमा सामाजिक परीक्षण** |
|---|---|
| साभ्केदार संस्था | जिल्ला स्वास्थ्य कार्यालय, पाल्पा |
| सहकार्य | स्थानीय स्वास्थ्य संस्थाहरु |
| कार्यक्रम अवधि | वि.सं.२०७२ जेठ २५ गतेदेखि असार ३१ सम्म |
| मुख्य उद्देश्य | • समुदायलाई स्वास्थ्य सेवाबारे जानकारी गराई पारदर्शिता कायम गर्ने,<br>• विपन्न वर्गलाई स्वास्थ्य संस्थाप्रति अपनत्वको भावना जगाउने,<br>• सूचना आदान प्रदान तथा नियमित संवादको थालनी गर्ने,<br>• सूचना दिने र लिने संस्कारको थालनी गर्ने । |
| कार्यक्षेत्र | • बाकामलाङ र मित्याल स्वास्थ्य संस्थाहरु (नयाँ)<br>• गाँडाकोट, अर्चले, रामपुर, गेभ्का, सिलुवा, वीरकोट, हुंगी स्वास्थ्य संस्थाहरु (पुराना) |
| संचालित मुख्य क्रियाकलापहरु | • तथ्यांक संकलन<br>• स्वास्थ्य संस्था व्यवस्थापन समितिसंग छलफल ।<br>• सामाजिक परीक्षण भेला आदि । |

**मुख्य उपलब्धी**

- यस अघि सामाजिक परीक्षण गरिएका स्वास्थ्य संस्थाहरुको कार्यप्रगति समीक्षा गर्दा सुधारको बाटोमा रहेको पाइयो ।
- स्वास्थ्य संस्थाहरु सेवाग्राहीप्रति उत्तरदायी बन्दै गएको भेटियो ।
- सबै स्वास्थ्य संस्थाहरुमा (मित्यालबाहेक) उत्साहजनकरुपमा समुदायका सदस्यहरुको सहभागिता रहेको भेटियो ।

| क्र.सं. | स्वास्थ्य संस्थाहरु | यस अघि सामाजिक परीक्षण भए नभएको | सम्पन्न मिति | आमभेलाको सहभागी संख्या |
|---|---|---|---|---|
| १ | बाकामलाङ स्वास्थ्यचौकी | नभएको | २०७२।०३।०८ | ८१ जना |
| २ | गांडाकोट स्वास्थ्यचौकी | भएको | २०७२।०३।०२ | ६१ जना |
| ३ | अर्चले स्वास्थ्यचौकी | भएको | २०७२।०२।२० | ७६ जना |
| ४ | रामपुर अस्पताल | भएको | २०७२।०३।०५ | १०९ जना |
| ५ | गेझा स्वास्थ्यचौकी | भएको | २०७२।०३।०१ | ८० जना |
| ६ | सिलुवा स्वास्थ्यचौकी | भएको | २०७२।०३।१४ | ७२ जना |
| ७ | वीरकोट स्वास्थ्यचौकी | भएको | २०७२।०३।१६ | ७३ जना |
| ८ | मित्याल स्वास्थ्यचौकी | नभएको | २०७२।०२।१८ | ३१ जना |
| ९ | हुँगी स्वास्थ्य चौकी | भएको | २०७२।०३।०९ | ६० जना |

**संलग्न मानवस्रोत**

- कार्यकारी निर्देशक : शालिकराम पाण्डे
- सामाजिक परीक्षण सहजकर्ता : भेषराज पोखरेल तथा कृष्णप्रसाद पोखरेल

## बेसको साथी छात्रवृत्ति तथा यामागिसी छात्रवृत्ति कार्यक्रम

गरीबी, अज्ञानता तथा अन्य कारणबाट उमेर पुगेर पनि विद्यालय जान नसकेका, विद्यालय गएर पनि नियमित हुन नसकेका बालबालिकालाई हाम्रो सानो सहयोगबाट विद्यालयमा ल्याउन सकिन्छ । सबै क्षेत्रमा परिवर्तन ल्याउन बैदेशिक सहयोग मात्र आवश्यक हुन्छ भन्ने धारणालाई हटाई हामी आफै पनि केही काम गर्न सक्छौं भन्ने सन्देश दिन, संस्थाप्रति धेरै भन्दा धेरै व्यक्तित्वहरुलाई आवद्ध गर्न र सबैको साझा पहलबाट नयां र उदाहरणीय कामहरु गरेर देखाउन हामीले पहिलोपटक यो बेसको साथी (Friends of BES) कार्यक्रमको थालनी गरेका हौं ।

यस संस्थामा नेपाली भए रु १०००।०० र विदेशी नागरिक भए एकसय डलर बुझाएपछि बेसको साथी बन्न सकिन्छ । बेसको साथी बन्ने व्यक्तिलाई यस कार्यक्रमको लोगो अंकित प्रमाणपत्र र रकम बुझेको भर्पाई दिइने छ । संस्थाको वेभसाइटमा नाम राखिने छ । संस्थागत प्रकाशनहरुमा नामावली प्रकाशन समेत गरिने छ । बेसको साथी संस्था तथा समूहहरु समेत बन्न सक्नेछन् । बेसका साथीहरुबाट प्राप्त रकम अक्षयकोषकोरुपमा बैंकमा छुट्टै खाता खोलेर राखिएको छ । अक्षयकोष यथावत् राखी यसको व्याज कार्यक्रममा खर्च गरिन्छ । हालसम्म यस संस्थामा २४९ जना बेसको साथी बनिसक्नुभएको छ । बाकामलाङ गाविस वार्ड नं.७, पाल्पाका कक्षा १ मा अध्ययनरत १० जना बालबालिकाहरुलाई प्रति बालक रु १०००।०० वार्षिक छात्रवृत्ति उपलब्ध गराएर थालनी गरिएको यो कार्यक्रमबाट लाभान्वित बालबालिकाहरु अहिले कक्षा ३ मा अध्ययनरत छन् । उनीहरुलाई कक्षा २ र यस वर्ष कक्षा ३ मा समेत छात्रवृत्ति प्रदान गरिएको छ । उनीहरुलाई कक्षा ५ सम्म प्रतिव्यक्ति प्रति वर्ष रु १०००।०० छात्रवृत्ति उपलब्ध गराउदै गईने छ । यसका साथै उक्त कोषको ब्याज रकम बढ्दै गएपछि अन्य क्षेत्रका धेरैभन्दा धेरै बालबालिकाहरुसमक्ष पुग्ने हाम्रो लक्ष्य रहेको छ । यस्तैगरी जापनिज नागरिक काजुमासा काकिमी (ओके बाजी) को रु १०००००।०० आर्थिक सहयोगलाई मूल धनको रुपमा बैंकमा राखी त्यसको ब्याजबाट बाकामलाङ गाविसका सबै विद्यालयमा अध्ययनरत विपन्न परिवारका बालबालिकाहरुलाई विगत १० वर्षदेखि निरन्तररुपमा प्रतिवर्ष ९ जना बालबालिकाहरुलाई शैक्षिक सामग्री उपलब्ध गराउँदै आइएको छ । यस वर्ष सो सामग्री बाकामलाङस्थित श्री बुद्धि विकास प्रा.वि.मा आयोजित एक कार्यक्रममा ओकेबाजीले हस्तान्तरण गर्नुभएको थियो ।

## बेस नेपालबाट यस आ.व.को पौष तथा चैत्र महिनामा समुदायबाट बहिर्गमन (समाप्त) भएका कार्यक्रमहरु

| कार्यक्रम | साझेदार संस्था | कार्यक्रम अवधिको कूल बजेट | कार्यक्रम सुरु तथा अन्त्य मिति | कार्यक्षेत्र | लाभान्वित किसिम | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| गुणस्तरीय तथा आधारभूत शिक्षा | सेभ द चिल्ड्रेन | २५९५६४००।०० | सन् २०१० देखि सन् २०१४ सम्म | नवलपरासीका १० गाविस(नरम, मिथुकरम, जौबारी, धोवादी, सोमनी, जमुनियाँ, त्रिवेणीसुस्ता, पकलीहवा, गुठीसूर्यपुरा तथा गुठीप्रसौनी) | ६४ विद्यालय तथा १० गाविसस्तरीय बालक्लब नेटवर्क तथा १० गाविस गाउं बाल संरक्षण तथा संवर्द्धन उपसमितिहरु | ९०६५ जना |
| इसिडि बालबालिकाको लागि गुणस्तरीय सिकाई वातावरण | सेभ द चिल्ड्रेन | ३५८१५८०९।०० | सन् २०११ देखि सन् २०१५ मार्च सम्म | नवलपरासीका १० गाविस (नरम, मिथुकरम, जौबारी, धोवादी, सोमनी, जमुनियाँ, त्रिवेणीसुस्ता, पकलीहवा, गुठीसूर्यपुरा तथा गुठीप्रसौनी) | ७२ बालविकास केन्द्र | ७७९४ जना |
| विद्यालय क्षेत्र सुधार सहयोग (जाइका/एस्.एस्.आर.पी.) | सेभ द चिल्ड्रेन | १३९७१५४३।०० | सन् २०१२ देखि सन् २०१४ सम्म | नवलपरासीका ३८ गाविसका ४० विद्यालय | ४० विद्यालय र ४० विद्यालयका बालक्लबहरु | ६६४५ जना बालबालिकाहरु |
| कृषि तथा पोषण प्रसार कार्यक्रम | सेभ द चिल्ड्रेन | २०५४९०६८।०० | सन् २०१२ देखि सन् २०१४ सम्म | नवलपरासी जिल्लाका जमुनियाँ, सोमनी, गुठीसुर्यपुरा,गुठीप्रसौनी,जहदा,हकुई,सुक्रौली,देवगाउँ,अमरौट र स्वाँठी गाविस तथा रामग्राम न.पा.तथा रुपन्देही जिल्लाका धकधई पकेट क्षेत्र अन्तर्गत पोखरभिण्डी, धकधई, सिक्टहान, पट्खौली, बसन्तपुर र छिंपागढ र बुटवल तथा सिद्धार्थनगर न.पा. | २४७ कृषक तथा पोषण समूह | १२६० जना बालबालिका तथा ६८९४ परिवार |

## विभिन्न साझेदारहरुसंगको साझेदारीमा पछौटेपन उन्मूलन समाज(बेस)-नेपालबाट सञ्चालित कार्यक्रमहरुको बहिर्गमन प्रतिवेदन

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यप्रक्रिया | स्थान | महिना/गते | सहकार्य | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | जिल्लास्तरमा सरोकारवाला निकायसंग बहिर्गमन सम्बन्धमा जानकारी दिएको । | सम्बन्धित सरोकारवाला निकायसंगको संयुक्त बैठकमा जानकारी दिने | जिल्ला शिक्षा कार्यालय, जिविस, कृषि विकास कार्यालय | अगष्ट २०१४ | जिशिका, जिविस, कृषि विकास तथा सेभ द चिल्ड्रेन | कार्यक्रम प्रमुखहरु |
| २ | गाविस/विद्यालयस्तरमा स्थानीय सरोकारवालासंग बहिर्गमन सम्बन्धमा जानकारी दिएको । | नियमित कार्यक्रमहरुमा भेला भएका स्थानीय सरोकारवालाका प्रतिनिधिहरुलाई जानकारी दिने । | गाविसस्तरमा | १ नोभेम्बर २०१४ | गाविसस्तर | स्थानीय सामाजिक परिचालकहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बोर्डका सदस्यहरुलाई कार्यक्रमको बहिर्गमन सम्बन्धमा जानकारी दिएको | बोर्ड बैठकको आयोजना गरेर | पाल्पा, रामपुर | १ नोभेम्बर २०१४ | बोर्ड सदस्य तथा कार्यक्रम प्रमुखहरु | कार्यकारी निर्देशक |
| ४ | सफलताका कथाहरु, उत्कृष्ट कार्यहरु, भनाईहरु संकलन गरिएको । | सवालहरुको छनौट, फिल्ड भ्रमण, सद्रचना संकलन तथा लेखन | गाविसस्तरमा | १० नोभेम्बर २०१४ | स्थानीय संरचनाहरु | कार्यक्रम प्रमुखहरु |
| ६ | अभिलेखहरुको संकलन गरी पुस्तक प्रकाशन । | संकलित सद्रचना तथा विवरणहरुको सम्पादन तथा प्रकाशन । | प्रेसमा | २० डिसेम्बर २०१४ | | कार्यकारी निर्देशक |
| ७ | गाविस तथा जिल्लास्तरमा बहिर्गमन कार्यक्रम सम्पन्न | कार्यक्रमको संरचना अनुसार स्थानीय तथा जिल्लातहका सरोकारवालाहरुको भेला गरेर | तोकिएका स्थानहरुमा | नोभेम्बर २०१४ देखि मार्च २०१५ । | स्थानीय सामाजिक परिचालक तथा सरोकारवालाहरु | कार्यक्रम प्रमुखहरु |
| ९ | कर्मचारीहरुको विदाई कार्यक्रम | संस्थाको आयोजनामा | कार्यालयमा | क्रमश : नोभेम्बर, जनवरी तथा मार्च | कार्यक्रम प्रमुख तथा सबै कर्मचारीहरु | कार्यकारी निर्देशक |

# सानो प्रयासले ठूलो परिर्वतन जन्माउँदो रहेछ ।

खेमकुमारी चौधरी नवलपरासी जिल्लाको साविक माकर गा.वि.स हाल बर्दघाट नगरपालिका वडा न ६ बेतहानी निवासी हजार दिनकी आमा हुन् । उनको सासु, ससुरा, देवर, देवरानी र श्रीमान अमर चौधरी सहित सात जनाको परिवार छ । उनको परिवारको मुख्य पेशामा व्यापार र कृषि हो । उनी मध्यम परिवारकी सदस्य हुन् । उनी सुआहाराको कार्यक्रममा नयां बुहारीकोरुपमा सहभागी हुन थाले पछि उनलाई सरसफाई र बच्चा हुर्काउने विधि थाहा पाइन् ।



खेमकुमारी चौधरी सुआहाराको समुदायस्तरिय हरेक कार्यक्रममा सहभागी हुन थालिन् । पोषिलो खाना प्रर्दशनी र व्यवहार परिर्वतनका बारेमा छलफल संचालन गर्दा उनलाई आफ्नो घरको याद आयो । आर्थिक र शैक्षिकरुपमा बलियो परिवार भएपनि घरमा खाना खानु अगाडि साबुन पानीले हात धुने चलन थिएन । करेसाबारी थिएन । शरीरलाई चाहिने चार प्रकारको खाना खाने चलन त धेरै परको कुरा थियो । उनलाई स्वास्थ्य आमा समूहमा चलिरहेको यस्ता छलफलले प्रभाव पार्न थाल्यो । उनले आफ्नो व्यवहारमा बिस्तारै परिवर्तन गर्न थालिन् ।

खेमकुमारी चौधरीले घरपरिवारमा छलफल गरेर करेसावारीमा फरक फरक तरकारी पनि तयार गरिन् । घरमा हात धुने ठाउं बनाइन् र सावुन पानीको व्यवस्था गरिन् । घरका सबैलाई साबुन पानीले हात धुने अभ्यास गराईन् । उनी गर्भवति भइन् । गर्भवति हुनु अगावै गर्भवति भएको बेला अपनाउनु व्यवहारहरु लागु गरिन् । उनले घरमा समेत यसबारेमा खुलेर श्रीमान् तथा सासु ससुराहरुसंग छलफल गरिन् । परिवारका सदस्यहरुको साथले उनलाई नियमितरुपमा गाउँघर क्लिनिकमा गर्भ जाँच गराउन सजिलो भयो । उनले गर्भावस्थामा लिनुपर्ने अति आवश्यक सेवाहरु टि.टि खोप, जुकाको औषाधि, आइरन चक्की, क्याल्सियम नियमित लिइन् । तौलमा ध्यान दिइन् । चार प्रकारको खाना (अन्न, गेडागुडी,माछा, मासु, दुध र आफ्नै बारीमा फलाएका हरिया तरकारीहरु) खान थालिन् ।

खेमकुमारी चौधरीले हरेक महिनाको गर्भवति जाँचमा आफ्नो तौलमा वृद्धि भएको पाइन् । उनले चारै पटक नियमितरुपमा आंफूलाई जंचाइन् । उनले बुटवलको आम्दा अस्पतालमा पहिलो सन्तानकोरुपमा छोरालाई जन्म दिईन् । उनको बच्चाको तौल जन्मंदा ३ के.जि.थियो । यो केस तयार गर्दा उनको छोरा दुई महिनाको र तौल पांच के.जि. पुगेको छ । खेमकुमारीले बच्चालाई पुर्ण स्तनपान गराईरहनुभएको छ । सुआहाराले स्वास्थ्य आमा समूहमा चलाएको छलफलबाट सिकेका सबै कुरा लागु गरेकी खेमकुमारी चौधरी नमूना आमा भएकी छिन् ।

खेमकुमारीका श्रीमान् अमर चौधरीले हाम्रो भेटमा आँफूहरुमा सांच्चै व्यवहार परिर्वतन भएको बताए । उनले भने 'हामीसंग पहिला साबुन थियो, हात धुनपर्छ भन्ने थाहा पनि थियो तर हामीलाई हात धुन अल्छी लाग्थ्यो । करेसाबारी थियो तर तरकारी थिएन । अहिले आफ्नै बारीको तरकारी खान्छौं । घरमा खाएर पनि तरकारी बेच्न पुगेको छ । जसबाट केही आम्दानी पनि भएको छ । मेरो बच्चा र उसको आमा दुवै फुर्तिला छन् । न आमा न बच्चा कोही बिमार भएका छैनन् । व्यवहारमा सानो परिवर्तन गर्दा जीवनमै ठूलो परिवर्तन आउंदो पो रहेछ ।

*नोट : यो सफलताको कथा फिल्डसुपरभाइजर मीरा चौधरीले तयार गरेकी हुन् ।*

# पुरस्कारको प्रेरणाले प्रथम विद्यार्थी बने आशिष बयम्बू

भर्ना हुँदा खेरी अन्तिम रोल नंवरमा रहेकोमा त्रैमासिक परीक्षामा तेस्रो, अर्धवार्षिक परीक्षामा दोस्रो र वार्षिक परीक्षामा कक्षाको प्रथम भएका आशिष बयम्बूको चर्चा जतातते गल्धाको जनता मा.वि.मा मात्रै नभएर बेस नेपालका कर्मचारीहरुबीच पनि चलिरहेको छ । उनले वार्षिक परीक्षामा ९६ ％ अंक ल्याई विद्यालयकै प्रथम विद्यार्थी बन्न सफल भए । ६ वर्षका आशिष श्री जनता माध्यमिक विद्यालय गल्धा, पाल्पामा वि.सं.२०७१ सालमा कक्षा १ मा भर्ना भएका थिए । कक्षा १ मा भर्ना भए लगत्तै उनलाई कक्षाको रमाइलो वातावरणले सकारात्मक प्रभाव पारेको रहेछ । उनको कक्षाकोठामा चारै भित्ता रङ्गिन, भुँइमा कार्पेट, बस्नको लागि कुसन, कापीकिताब राख्नको लागि सानो टेबुल छन् । कक्षामा शिक्षकहरुले रमाइलो वातावरणमा पढाएको, विभिन्न सामग्री ल्याएर पढाएको कारण उनलाई विद्यालयमा आउन र सिक्न सजिलो भएको हो ।



आशिष विद्यालय आउनु अघि खोला, नहर र चउरमा खेल्न जान्थे । आज भोलि कक्षाकोठामा बस्न र पढ्नमा निकै रुचि राख्दछन् । उनले विद्यालयमा पढ्दै गर्दा कक्षामा पढ्न जानियो भने पुरस्कार पाइन्छ भन्ने थाहा पाए । विद्यालयका दाई दिदीहरुले पुरस्कार पाएको देखेर उनी दंग पर्थे । त्यसको प्रभाव उनमा पर्‍यो । पुस्तकालयमा हुने पठन क्रियाकलापले उनलाई उत्साहित बनायो । उनले पढ्नमा रुचि देखाउन थालेको उनका नेपाली भाषा शिक्षक कोमल थापाले बताउनुभयो । रुम टु रिड र बेस नेपालको तर्फबाट कक्षा १ मा अध्ययनरत विद्यार्थीहरुलाइ पठन क्रियाकलापको लागि पटक पटक पुरस्कारको व्यवस्था गरिए पछि उनीमा यस्तो हौसला मिलेको र प्रगति भएको प्रधानाध्यापक तर्कबहादुर बयम्बलेु बताउनुभयो ।

रुम टु रिड नेपालको आर्थिक तथा प्राविधिक सहयोग, पछौटेपन उन्मुलन समाज (बेस) नेपालको व्यवस्थापन तथा जिल्ला शिक्षा कार्यालय पाल्पासंगको समन्वयमा सञ्चालित साक्षरता कार्यक्रम अन्तर्गत यस विद्यालयमा साक्षरता कार्यक्रम लागु भएपछि धेरै विद्यालयमा यस खालको वातावरण बनेको हो । कक्षा १ मा पठन सिप विकास कार्यक्रमले नेपाली भाषा विषयमा मात्रै नभएर सामाजिक लगायत नेपाली भाषाबाट पढाई हुने अरु विषयहरुको पठन सीपमा पनि सहयोग पुगेको छ उहाँले बताउनुभयो । उनका बुबा निरबहादुर बयम्बुले आशिषको बारेमा कुरा गर्दै उनले विद्यालयमा पुरस्कार जित्नको लागि घरमा पनि निकै पढ्ने गरेको र अहिले विद्यालयमै प्रथम भएको बताउनुभयो ।

आशिष बयम्बूले वि.सं.२०७२ बैशाख १० गते विद्यालयमा भएको वार्षिक उत्सव समारोहमा भारी पुरस्कार प्राप्त गरेका थिए । उनलाई आफ्नो मेहनतको पुरस्कार बोक्न हम्मे हम्मे परेको थियो ।

*नोट : यो सफलताको कथा हाम्रा साक्षरता सहजकर्ता देवबहादुर दर्लामीले तयार गरेका हुन्*

## संस्थागत सुशासन

**गत आ.व.मा बेस नेपालका बोर्ड तथा विभिन्न समितिहरूको वैठक तथा उपस्थिति अवस्था :**

| समितिको नाम | वार्षिक वैठक लक्ष्य | वैठक संख्या | वैठक सम्पन्न भएका मितिहरू |
|---|---|---|---|
| कार्यसमिति(बोर्ड) | ६ वटा तथा अन्य आवश्यकता अनुसार | ७ वटा नियमित तथा १ आकस्मिक | वि.सं. २०७१ को भदौ ६ गते, कार्तिक १ गते, कार्तिक १५ गते, मंसिर १० गते, माघ १६ गते, चैत्र १४ गते बि.सं. २०७२ को वैशाख ५ गते तथा असार २५ गते । |
| मानवस्रोत विकास तथा व्यवस्थापन समिति | ६ वटा अनिवार्य तथा अन्य आवश्यकता अनुसार | १९ वटा | वि.सं.२०७१ को साउन १९ गते, साउन २७ गते, भदौ २ गते, असौज २५ गते, कार्तिक १५ गते, कार्तिक २२ गते, मंसिर १८ गते, पौष १६ गते, पौष २६ गते, माघ १६ गते, माघ २५ गते, फागुन १२ गते, चैत्र २ गते, चैत्र २५ गते, वि.सं.२०७२ को बैशाख ७ गते, बैशाख १५ गते, जेठ २ गते, जेठ २४ गते, असार १२ गते । असार २१ गते |
| खरिद समिति | ९ वटा अनिवार्य तथा अन्य आवश्यकता अनुसार | १९ वटा | वि.सं.२०७१ को साउन ८ गते, साउन १९ गते, भदौ २ गते, भदौ १४ गते, असौज २ गते, कार्तिक ३० गते, मंसिर ४ गते, मंसिर १६ गते, पौष १ गते, माघ १६ गते, फागुन ८ गते, फागुन १७ गते, फागुन २७ गते, चैत्र ११ गते, चैत्र २० गते तथा वि.सं.२०७२ को बैशाख २१ गते, जेठ ५ गते, जेठ २६ गते, असार ९ गते । |
| बरिष्ठ कर्मचारी बैठक | १० वटा नियमित | ११ वटा | वि.सं.२०७१ को साउन १६ गते, भदौ १६ गते, मंसिर १५ गते, मंसिर २० गते, पौष २० गते, पौष २४ गते, माघ १८ गते, फागुन १७ गते, फागुन २८ गते, चैत्र २४ गते, जेठ २१ गते । |
| बोर्ड तथा सिनियर कर्मचारी संयुक्त बैठक | ४ वटा | ३ वटा | वि.सं.२०७१ को मंसिर १० गते, माघ १६ गते तथा वि.सं.२०७२ को असार २५ गते । |

## बोर्ड वैठकमा उपस्थिति विवरण :

| क्र.सं. | नाम | पद | बोर्ड वैठकमा सहभागिता |
|---|---|---|---|
| १ | पूर्णबहादुर खांण | अध्यक्ष | ८/८ |
| २ | मुक्तिप्रसाद पाण्डे | उपाध्यक्ष | ८/८ |
| ३ | पवित्रा पौडेल (ढकाल) | उपाध्यक्ष (महिला) | ८/६ |
| ४ | तुल्सीराम गौतम | सचिव | ८/४ |
| ५ | अरविन्दकुमार चौधरी | कोषाध्यक्ष | ८/७ |
| ६ | कृष्ण पुरी | उपसचिव | ८/६ |
| ७ | माया श्रेष्ठ | सदस्य | ८/७ |
| ८ | शालिकराम सिग्देल | सदस्य | ८/७ |
| ९ | महेश यादव | सदस्य | ८/८ |
| १० | पुजा परियार | सदस्य | ८/६ |
| ११ | मीन प्रसाद ढकाल | सदस्य | ८/७ |

## साधारण.सभा :

| साधारण.सभा सम्पन्न मिति | जम्मा सदस्य संख्या | सदस्यहरुको उपस्थिती विवरण | | | | | | जम्मा सहभागी सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाति | | अन्य | | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| २०७१।०६।३१ र ०७।०१ गते | ११२ | ० | ३ | २० | १० | ३६ | ११ | ८० |

## सदस्यहरुमा समावेशीताको अवस्था

जातिगत




लिङ्गगत




## कर्मचारीहरुमा समावेशीताको अवस्था

जातिगत




लिङ्गगत



# (आ.व.२०७१/०७२ संस्थामा आएका संस्थागत निमन्त्रणामा संस्थागत सहभागिता सम्बन्धी विवरण)

(जिल्ला कार्यालय, पाल्पा )

| क्रस | कार्यक्रम आयोजना गर्ने निकायको नाम | मिति | सहभागी व्यक्तिको नाम |
|---|---|---|---|
| १ | रकमादेवी नि मा वि | २०७१।९।२ | थानीश्वरा कडेल |
| २ | महिला तथा बालबालिका कार्यालय | २०७१।९।४ | टेक बहादुर ढेंगा |
| ३ | इन्द्रेणी समाज केन्द्र | २०७१।८।२८ | टेक बहादुर ढेंगा |
| ४ | महिला तथा बालबालिका कार्यालय | २०७१।८।१७ | टेक बहादुर ढेंगा |
| ५ | करुवा पत्रिका | २०७१।८।८ | टेक बहादुर ढेंगा |
| ६ | जिल्ला बालकल्याण समिति | २०७१।८।४ | भुपाल आले |
| ७ | जिल्ला शिक्षा कार्यालय | २०७१।६।३० | टेक बहादुर ढेंगा |
| ८ | जिल्ला विकास समिति | २०७१।७।१ | टेक बहादुर ढेंगा |
| ९ | जिल्ला प्रहरी कार्यालय | २०७१।१।५ र ६ | बिष्णु कार्की र टेक बहादुर ढेंगा |
| १० | जिल्ला शिक्षा कार्यालय | २०७१।५।२३ | टेक बहादुर ढेंगा |
| ११ | जिल्ला बालकल्याण समिति | २०७१।५।२९ | टेक बहादुर ढेंगा |
| १६ | जिल्ला शिक्षा कार्यालय | २०७१।४।१९ | टेक बहादुर ढेंगा |
| १८ | जिल्ला शिक्षा कार्यालय | २०७१।३।१९ | टेक बहादुर ढेंगा |
| १९ | महिला तथा बालबालिका कार्यालय | २०७१।३।१३ | टेक बहादुर ढेंगा |
| २० | जिल्ला स्वास्थ्य कार्यालय | २०७२।३।१ | शालिकराम पाण्डे |
| २२ | जिल्ला बालकल्याण समिति | २०७२।३।८ | शालिकराम पाण्डे |
| २३ | महिला तथा बालबालिका कार्यालय | २०७२।३।१५ | शालिकराम पाण्डे |
| २६ | महिला तथा बालबालिका कार्यालय | २०७१।१२।८ | मिना पोखरेल |

(जिल्ला कार्यालय, नवलपरासी )

| क्र स | कार्यक्रम आयोजना गर्ने निकायको नाम | मिति | सहभागी ब्यक्तिको नाम |
|---|---|---|---|
| १ | USAID (सुआहारा ) | २०७१।४।२ | शालिकराम पाण्डे |
| २ | रेडियो सामार्थ्य ९२.१ मेगाहर्ज | २०७१।४।५ | |
| ३ | जिल्ला विकास समितिको कार्यालय | २०७१।४।३ | नित्यानन्द पाण्डे |
| ४ | NGO Federation of Nepal | २०७१।४।१८ | शालिकराम पाण्डे |
| ५ | जि.स्वा.कार्यालय | २०७१।४।१९ | नित्यानन्द पाण्डे |
| ६ | जिल्ला विकास समितिको कार्यालय | २०७१।४।३० | शालिकराम पाण्डे |
| ७ | Nepal Red Cross Society | २०७१।६।५ | शालिकराम पाण्डे |

| | | | |
|---|---|---|---|
| ८ | जिल्ला बाल कल्याण समिति | २०७१।६।७ | असविर सारु |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय | २०७१।६।२४ | नित्यानन्द पाण्डे |
| १० | सामुदायिक रेडियो परासी | २०७१।६।२६ | |
| ११ | श्री पाल्ही गाउँ विकास समितिको कार्यालय | २०७१।६।२९ | मनिश अधिकारी |
| १२ | रामग्राम नगरपालिका कार्यालय | २०७१।७।१९ | प्रतिक्षा सिंह |
| १३ | जिल्ला बालकल्याण समिति | २०७१।७। | विरु चौधरी |
| १४ | जिल्ला बालकल्याण समिति | २०७१।८।२ | शालिकराम पोखे्रल |
| १५ | सुआहारा | २०७१।८।२ | शालिक, नितु, शिव, आशुतोष |
| १६ | रामग्राम नगरपालिका कार्यालय | २०७१।८।४ | आशुतोष पाठक |
| १७ | सामुदायिक रेडियो परासी | २०७१।८।४ | शालिक पाण्डे, शालिक पोखे्रल, विना चौधरी |
| १८ | नागरिक समाजका यूवा अधिकार कर्मीहरुको सञ्जाल | २०७१।८।७ | प्रतिक्षा सिंह |
| १९ | सामुदायिक रेडियो परासी | २०७१।८।१६ | विना चौधरी |
| २० | रामग्राम नगरपालिका कार्यालय | २०७१।८।१४ | आशुतोष पाठक |
| २१ | रामग्राम नगरपालिका कार्यालय | २०७१।८।१७ | उत्तमा राय |
| २२ | इन्द्रेणी सामाजिक विकास मञ्च | २०७१।८।२९ | प्रतिक्षा सिंह |
| २३ | मानव अधिकार तथा शान्ति समाज | २०७१।८।२७ | नित्यानन्द पाण्डे |
| २४ | ISK (Nepal) | २०७१।९।०४ | असविर सारु |
| २५ | जिल्ला शिक्षा कार्यालय | २०७१।९।७ | शालिकराम पोखे्रल |
| २६ | राष्ट्रिय माध्यमिक विद्यालय | २०७१।९।१४ | देवका ज्ञवाली |
| २७ | W-Wash-CC | २०७१।९।१६ | उत्तमा राय |
| २८ | रामग्राम नगरपालिका कार्यालय | २०७१।९।४ | नित्यानन्द पाण्डे |
| २९ | जिल्ला विकास समितिको कार्यालय | २०७१।९।१६ | नित्यानन्द पाण्डे |
| ३० | रामग्राम नगरपालिका कार्यालय | २०७१।९।१८ | उत्तमा राय |
| ३१ | रामग्राम नगरपालिका कार्यालय | २०७१।९।११ | नित्यानन्द |
| ३२ | जिल्ला विकास समितिको कार्यालय | २०७१।१०।८ | सुआहारा फिल्ड स्टाफ |
| ३३ | सहमति | २०७१।१०।११ | शालिकराम पाण्डे |
| ३४ | बास परिवार | २०७१।१०।२७ | उत्तमा राय |
| ३५ | जिल्ला विकास समितिको कार्यालय | २०७१।११।६ | नित्यानन्द पाण्डे |
| ३६ | जिल्ला विकास समितिको कार्यालय | २०७१।११।४ | |
| ३७ | रामग्राम नगरपालिका कार्यालय | २०७१।११।६ | |
| ३८ | जिल्ला विकास समितिको कार्यालय | २०७१।११।१० | |

| | | | |
|---|---|---|---|
| ३९ | महिला तथा बालबालिका कार्यालय | २०७१।११।१० | प्रतिक्षा सिंह |
| ४० | जिल्ला बालकल्याण समिति | २०७१।११।६ | उत्तमा राय |
| ४१ | सहमति | २०७१।११।१५ | शालिकराम पोख्रेल |
| ४२ | FPAN | २०७१।१२।९ | विना चौधरी |
| ४३ | MADE Nepal | २०७१।१२।१२ | |
| ४४ | नेपाल रेडक्रस सोसईटी | २०७१।१२।२५ | |
| ४५ | राजयोग प्रशिक्षण केन्द्र | २०७१।१२।२६ | |
| ४६ | जिल्ला विकास समितिको कार्यालय | २०७१।१२।२२ | नित्यानन्द पाण्डे |
| ४७ | रामग्राम नगरपालिका कार्यालय | २०७२।१।३१ | मनिश अधिकारी |
| ४८ | रामग्राम नगरपालिका कार्यालय | २०७२।२।६ | मनिश अधिकारी |
| ४९ | सामुदायिक रेडियो परासी | २०७२।२।१९ | मनिश अधिकारी |
| ५० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २०७२।२।२१ | नित्यानन्द पाण्डे |
| ५१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २०७२।३।३ | शालिकराम पोख्रेल |
| ५२ | रामग्राम नगरपालिका कार्यालय | २०७२।३।२ | नित्यानन्द पाण्डे |



# यस आर्थिक वर्षमा यस संस्थामा भएका लेखा परीक्षण तथा वित्त एवं प्रशासकिय अनुगमन विवरण

| क्र.सं. | अनुगमन गर्ने संस्था वा निकाय | अनुगमन गरिएको कार्यक्रम/क्षेत्र | मिति | मुख्य सिफारिसहरु | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | जि . ए ण्ड जि.एसोसियट्स | संस्थागत<br>समग्र आर्थिक<br>कारोबार | २०७१।०५।२४ | १) बोर्ड बैठक दुई महिनामा एक पटक बस्ने भनिएता पनि कुनै कुनै बैठकहरुको ग्याप बढी भएको । बैठक नियमित हुनुपर्ने<br>२) पिटीक्यास १५०००।०० हुने भन्ने संस्थागत नियम भएपनि पाल्पा तथा नवलपरासीमा त्यो भन्दा बढी भएकोले नियममा प्रष्ट हुनुपर्ने ।<br>३) कोटेसन, कर तथा भुक्तानी जस्ता विषयहरुमा सुधार हुनुपर्ने ।<br>४) संस्थाको भौतिक सामग्रीहरुको विवरण अद्यावधिक हुनुपर्ने<br>५) खर्चको यथेष्ट प्रमाणहरु संलग्न हुनुपर्ने ।<br>६) सम्झौता अनुसार कार्यक्रम तोकेको समयमा हुनुपर्ने । | पूर्व योजना गरी ग्याप नगर्ने प्रयास गरिएको ।<br>नियमावली संशोधन गरी पाल्पा तथा नवलपरासी दुवै कार्यालयमा १५०००।०० का दरले पिटिक्यास राख्ने निर्णय भएको ।<br>सुधार गर्दै लगिएको ।<br>अद्यावधिक गरी बीमाको प्रक्रिया थालिएको ।<br>लागु गरिएको ।<br>विर्स्तत कार्ययोजना बनाई लागु गरिएको । |
| २ | सेभ द चिल्ड्रेन | वित्त तथा<br>प्रशासन | २२ मार्च २०१५ | १) यात्राको खर्च भुक्तानी टिकटको आधारमा हुनुपर्ने ।<br>२) भौचर उठाउंदा खर्चका यथेष्ट प्रमाण संलग्न गर्न'पर्ने ।<br>३) सवारी साधनहरुको लगसीट व्यवस्थित राख्ने । अनुगमन र प्रमाणिकरण गर्ने । | लामो दुरीको यात्रा भुक्तानी गर्दा टिकट समावेश गर्ने गरिएको ।<br>सुधार गर्दै लगिएको ।<br>थालनी भएको । |
| ३ | सुआहारा/<br>यु.एस्.ए.आई.डि | वित्त तथा प्रशासन | २९ मार्च २०१५ | १) कर्मचारीहरुलाई दिने पारिश्रमिक पृथक पृथक चेक तयार गरी दिनुपर्ने ।<br>२)खर्चका प्रमाणहरु सबै संलग्न हुनुपर्ने ।<br>३) कर्मचारीहरुले प्यान नंवर नलिएको । | धेरै संख्यामा कर्मचारी भएकोले यो असंभव रहेको ।<br>सुधार गरिएको ।<br>हाल सबै कर्मचारीहरुले लिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | स् आ हा रा ( आन्तरिक) | वित्त तथा प्रशासन | ९-१० जुलाई २०१५ | १) खर्च भुक्तानीमा तयारी, चेक तथा स्वीकृत गर्ने व्यवस्था हुनुपर्ने ।<br><br>२) टाइम सीट प्राप्त भएपछि मात्र पारिश्रमिक भुक्तानी गर्ने र टाइम सीट संकलन गर्ने मिति निर्धारण गर्ने | मानवस्रोतको अभावले गर्दा चेक गर्नेको हस्ताक्षर नभएको ।<br><br>मिति निर्धारण गर्ने र टाइमसीट अनुसार भुक्तान गर्ने अभ्यास भए पनि दूर्गममा काम गर्ने स्टाफहरुको टाइमसीट समयमै आउन नसक्दा समस्या भएको । |
| ५ | सेभ द चिल्ड्रेन | कार्यक्रम तथा वित्त, प्रशासन व्यवस्था, संस्थागत सुशासन | १३ र १४ जुलाई २०१५ | १) वार्षिक साधारणसभा समयमै हुनु, संस्थामा बोर्ड र कर्मचारीबीच दोहोरो भद्रमिका नहुनु, चार्टर्ड एकाउन्टेन्ट्सबाट वार्षिक लेखा परीक्षण गराउनु, कार्यसमितिको बैठक नियमित हुनु राम्रो पक्ष रहेको र यसलाई निरन्तरता दिनुपर्ने ।<br><br>२) संस्थाका सबै कार्यालयमा संस्थाका बैधानिक कागजपत्रका प्रतिहरु राखिनुपर्ने । प्रोजेक्ट स्टाफ छनौट गर्दा दार्तनिकायलाई जानकारी हुनुपर्ने, बील भर्पाईहरुमा अनिवार्य फोन नंवर हुनुपर्ने ।<br><br>३) स्टकबुक अपडेट नभएको । विदा लिने प्रक्रियामा त्रुटी रहेको, भौचरहरुमा सपार्टिङडक्यूमेन्टहरु यथेष्ट हुनुपर्ने । | निरन्तरता दिइरहेको ।<br><br>बैधानिक कागजपत्रको फोटोकपी राखिएको । स्टाफ छनौटमा यस अधि पनि लागु भएको भए पनि एउटा केसमा सो लागु नभएकोमा अबदेखि लागु गर्ने प्रतिवद्धता संस्थागत तहमा भईसकेको र अन्य विषयहरु लागु गर्दै जाने ।<br><br>२) लागु भएका तर कहिलेकांही छुट भएका विषयमा आगामी दिनमा गंभिरताका साथ लिने । |
| ६ | संस्थागत लेखा समिति | कार्यक्रम तथा वित्त, प्रशासन व्यवस्था | २९ र ३० मे २०१५ | १) कर्मचारीहरुको सामाजिक सुरक्षा कर र नागरिक लगानी कोषमा जम्मा गरिएको रकमको विवरण राख्नुपर्ने ।<br><br>२) तानसेन कार्यालयको छुट्टै सम्पति रजिष्टर तयार गरी कोडिङ गर्ने<br><br>३) संस्थागत निति नियमावली अनुसार भौचर तयार गर्ने दिनमै भौचर प्रमाणित गर्ने । | लागु गर्दै लगिएको । |

FRIENDS OF BES

**बेसको साथी अभियान अन्तर्गत यस आर्थिक वर्षमा बन्नुभएका साथीहरुको नामावली(सधन्यवाद प्रस्तुत)**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | यमबहादुर सुनार | रकुवा गाविस वार्ड नं.४, नवलपरासी |
| २ | आशुतोष पाठक | रामग्राम न.पा.वार्ड नं.३, नवलपरासी |
| ३ | कमला गिरी | अग्यौली गाविस (साविक) वार्ड नं.९, नवलपरासी |
| ४ | प्रतिभा सुवेदी | अग्यौली गाविस (साविक) वार्ड नं.३, नवलपरासी |
| ५ | मनिष अधिकारी | खिदिम गाविस वार्ड नं.१, अर्घाखांची |
| ६ | रिता लामिछाने | मनरी गाविस वार्ड नं.८, नवलपरासी |
